# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र

| खण्डः ६ | संख्याः ५ | मितिः२०७९/०७/२७ |
| --- | --- | --- |


## भाग – २

शिवपुरी गाउँपालिकामा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि (पहिलो संशोधन), २०७९

**प्रस्तावनाः**

स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धित कार्यविधि, २०७५ संशोधन गर्न बाञ्छनिय भएकोले शिवपुरी गाउँपालिकाको कार्यपालिकाले कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नामः "स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि (पहिलो संशोधन), २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को (ट) लाई हटाईएको छ।

३. मूल कार्यविधिको परिच्छेद ३ मा "कार्यान्वयन तथा व्यवस्थापन" को सट्ट "उपभोक्ता समिति दर्ता, कार्यान्वयन तथा व्यवस्थापन" राखी दफा ७ उपभोक्ता समितिको दर्तामा देहायका उपदफाहरु राखिएको छन्:

७. उपभोक्ता समितिको दर्ताः

(१) उपभोक्ता समिति दर्ताका लागि आवश्यक कागजतहरु

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,

(ग) उपभोक्ता समिति दर्ताको लागि उपभोक्ता समिति वा आम भेलाको बैठकको निर्णय,

(घ) समितिका सदस्यहरुले हरेक पृष्ठमा हस्ताक्षर गरेको विद्यान ३/३ प्रती

(ङ) वडा कार्यालयको सिफारिस पत्र,

(च) उपभोक्ता समिति दर्ता दस्तुर तिरेको नगदी रसिद,

(२) उपभोक्ता समिति गठन भए पश्चात उपदफा (१) बमोजिमका कागजात सहित उपभोक्ता समिति दर्ताको लागि शिवपुरी गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(३) उपदबा (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी उपभोक्ता समिति दर्ता गर्न उपयुक्त देकेमा दर्ता गरी अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता समिति दर्ताको प्रमाण पत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमका कुनै उपभोक्ता समिति दर्ता गर्न उपयुक्त नदेखेमा सोको स्पष्ट कारण खोली निवेदकलाई निवेदन परेको मितिले ३० (तीस) दिन भित्र सो कुराको सूचना दिनु पर्नेछ।

(५) उपदफा (४) अनुसार दर्ता भएको उपभोक्ता समिति प्रत्येक आ.व. समाप्त भएको ३० दिन भित्र अद्यावधिक गरि सक्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम दर्ता भएको उपभोक्ता समितिको अभिलेख अनुसूची २ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ।

(७) विधानमा खुलाउनुपर्ने विवरणहरुः उपदफा १ को (घ) बमोजिम पेश गर्नुपर्ने उपभोक्ता समितिको विधानमा समिति सम्बन्धि देहायका विवरणहरु खुलाउनु पर्नेछ ।

(क) उपभोक्त समितिको पुरा नाम र ठेगाना,

(ख)उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता,

(घ) सदस्यको निस्काशन र राजीनामा,

(ङ) हकदावी नामसारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी व्यवस्था,

(छ) उपभोक्ता समितिको गठन, निर्वाचन, कार, कर्तव्य र अधिकार सम्बन्धी,

(ज) उपभोक्ता समितिको पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) उपभोक्ता समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष तथा लेखापरीक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) विविध,

(८) विधान संशोधन सम्बन्धि व्यवस्थाः (क) उपभोक्ता संस्थाले विद्यमान विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रक्रिया पुरा गरी तयार गरिएको विधानको संशोधित प्रति गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ख) उपदफा (८)(क) बमोजिम विधान संशोधन सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयले आवश्यक जाँचपुझ गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

४. मूल कार्यविधिको दफा ८ को उपदफा (१)(ग) मा ‘‘उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको नागरिकताको प्रतिलिपि’’ को सट्टामा ‘‘उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि’’ राखिएको छ ।

अनुसूची १

(कार्यविधिको दफा ७ उपदफा (२) संग सम्बन्धित)

उपभोक्ता समितिको लगत

**शिवपुरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**नुवाकोट**

Shivapuri Rural Municipality
Office of the Rural Municipal Executive
Nuwakot

दर्ता मितिः

दर्ता नं.

## उपभोक्ता समितिको दर्ता प्रमाण-पत्र

**श्री ...............................................................**

**शिवपुरी गाउँपालिका वडा नं. ...................., नुवाकोट ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम २०८९ साल ............ महिना गते .............. रोज ................ मा यस कार्यालयमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

दर्ता गर्ने अधिकारीको दस्तखतः

नामः

पदः

**आज्ञाले**

**वसन्त कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**